आज मिति २०८२/०३/०८ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमको निर्णयहरु गरियो ।

तपसिल :

| | |
|---|---|
| श्री जोकलाल बुढा, अध्यक्ष, तमानखोला गाउँपालिका | -अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल, उपाध्यक्ष, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री थम वहादुर रोका, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. १ | -सदस्य |
| श्री नारायण सुनार, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. २ | -सदस्य |
| श्री झक वहादुर बुढा, वडा अध्यक्ष, तमानखोला गाउँपाालिका वडा नं. ३ | -सदस्य |
| श्री छ प्रसाद श्रीपाली, वडा अध्यक्ष, तमानखोला गाउँपालिक वडा नं. ४ | -सदस्य |
| श्री हिरा वहादुर वि.क. , वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. ५ | -सदस्य |
| श्री चित्र वहादुर छन्त्याल, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं.६ | -सदस्य |
| श्री देवसरा वि.क., कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री मन कुमारी बुढाथोकी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री भिम कुमारी छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री मिना कुमारी कामी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री हिक्मत जक्तपुरी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री ढालेन्द्र छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री अमित परियार, प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

अन्य उपस्थिती:

श्री टेक बहादुर अर्जा, जि.स.स. सदस्य

श्री बिरेन्द्र बहादुर कठायत, प्रशासकीय अधिकृत

श्री सुदर्शन कुसारी, सहायक लेखा अधिकृत

आज मिति २०८२/०३/०८ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ :

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ :

वडा स्तरिय तथा गाउँपालिका स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ :

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

प्रस्ताव नं. ४ :

मोटरसाइकल मर्मत सम्बन्धमा ।

प्रस्ताव नं. ५ :

गाउँपालिकाको सिमाना संशोधन प्रस्ताव सभामा पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ :

अनियमित बेरुजु नियमित गर्ने प्रस्ताव सभामा पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ :

कार्यपालिका बैठकका निर्णय र कार्यालयको खर्च सभाबाट अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ :

आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ९ :

आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं. १० :

तमानखोला गाउँपालिकाको आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ११ :

तमानखोला गाउँपालिकाको विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. १२ :

विविध सम्बन्धमा ।

CamScanner

मिति २०८२/०३/०८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत योजनाहरु मध्ये तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३ :

तमानखोला गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०९/२८ गतेका दिन वडा नं. १ को बोङ्गादोभान बजारमा आयोजना गर्ने ।

निर्णय नं. ४:

तमानखोला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ अनुसार कार्यालयले मोटरसाइकल मर्मतका लागि एक वर्षमा खरिद गरेको ५ वर्ष भित्र २५ हजार र खरिद गरेको ५ वर्ष पछि ५० हजारको सीमा भित्र रहि मर्मत गर्नुपर्ने तथा उक्त सीमा भन्दा बढी रकम खर्च हुने गरी मर्मत गर्नुपर्ने भएमा कार्यपालिकाको निर्णयानुसार गर्ने व्यवस्था भए बमोजिम तमानखोला गाउँपालिकाका तपसिलका मोटरसाइकल मर्मत गर्दा कार्यालयको सीमा भन्दा बढी रकम खर्च हुन देखिएको र उक्त मोटरसाइकल गाउँपालिका तथा वडा कार्यालयको कार्यालय प्रयोजनका लागि आवश्यक रहेको हुँदा सीमा भन्दा बढी हुन आएको रकम समेत भुक्तानी गर्ने गरी मर्मतका लागि निर्देशन दिने ।

तपसिलः

| क्र.सं. | सवारी साधन नं. | चालु आ.व.मा हालसम्मको जम्मा मर्मत खर्च | कार्यालयले मर्मत गर्न पाउने वार्षिक सीमा | सीमा भन्दा बढी मर्मत रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ध १ ब १५२ | ६८,८५०/ | ५०,०००/ | १८,८५०/ | वडा नं. १ |
| २ | ध १ ब २९६ | ५९,३३०/ | ५०,०००/ | ९,३३०/ | वडा नं. २ |
| ३ | ध १ ब ४८७ | २७,५७३/ | २५,०००/ | २,५७३/ | वडा नं. ३ |
| ४ | ध १ ब २८१ | ७५,९८०/ | ५०,०००/ | २५,९८०/ | वडा नं. ५ |
| ५ | ध १ ब २८६ | ५३,३५०/ | ५०,०००/ | ३,३५०/ | गाउँपालिका |

निर्णय नं. ५:

पछिल्लो समयमा गाउँपालिका र छिमेकी स्थानीय तह तथा जिल्लाको सिमानाका सम्बन्धमा विवाद सिर्जना भइरहेको अवस्थामा गाउँपालिकाको सिमाना एकिन गरी विवाद समाधान लागि मौजुदा भौगोलिक नक्सामा गाउँपालिकाको सिमाना संशोधन गर्नु पर्ने भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ को उपदफा ३ बमोजिम प्रदेश सरकारमा पठाउनका लागि गाउँपालिकाको सिमाना संशोधन प्रस्ताव गाउँ सभामा पेश गर्ने ।

निर्णय नं. ६:

गत आ.व. २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा महालेखा परीक्षकको कार्यालयले औंल्याएको अनियमित बेरुजु नियमित गर्नका लागि गाउँ सभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. ७:

चालु आ.व. २०८१/०८२ को हालसम्म गाउँ कार्यपालिकाको बैठक र कार्यालयका सम्पूर्ण निर्णयहरु तथा कार्यालयले गरेको सम्पूर्ण खर्च अनुमोदनका लागि गाउँ सभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. ८:

आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम गाउँ सभामा पेश गर्ने ।

निर्णय नं. ९:

आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम गाउँ सभामा पेश गर्ने ।

निर्णय नं. १०:

तमानखोला गाउँपालिकाको आर्थिक विधेयक, २०८२ गाउँ सभामा पेश गर्ने ।

निर्णय नं. ११:

तमानखोला गाउँपालिकाको विनियोजन विधेयक, २०८२ गाउँ सभामा पेश गर्ने ।

CamScanner